# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१०।२० गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

मोरङ जिल्ला नापी कार्यालय, बेलवारीमा कार्यरत सर्भेक्षक दिनेशकुमार साहले जग्गा नापी गरी सिमाङ्कन गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज सर्भेक्षक दिनेशकुमार साहलाई रु.७,०००/- (सात हजार) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सेवाग्राहीको जग्गाको फिल्ड चेक गरी सिमाना एकिन गर्नका लागि फिल्ड चेकजाँच गर्ने सिलसिलामा नापी कार्यालय बेलवारी, मोरङ्गका सर्भेक्षक दिनेशकुमार साहले घुस/रिसवत रु. ७,०००।— (सात हजार) माग गरी लिएको तथ्य पुष्टि हुन आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रु. ७,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला